बैठक संख्या: ०२ (२०८०/८१)

मिति २०८० असोज ०४ गते जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री प्रकाशचन्द्र अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सरोकारवालाहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), रसुवाको बैठक बसी निम्नानुसारका निर्णयहरू गरियो।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

उपस्थितिः

विशेष उपस्थितिः

| | | |
|---|---|---|
| | मा.ई.मोहन आचार्य | प्रतिनिधि सभा सदस्य |
| | श्री अशोक कुमार घिमिरे | प्रमुख, जिल्ला समन्वय समिति, रसुवा |

जिल्ला समितिः

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री प्रकाश चन्द्र अधिकारी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | अध्यक्ष |
| | श्री बिजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति | सदस्य |
| | श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका | सदस्य |
| | श्री बुचुङ तामाङ | अध्यक्ष | आमाछोदिङ्मो गाउँपालिका | सदस्य |
| | श्री हरिकृष्ण देवकोटा | अध्यक्ष | कालिका गाउँपालिका | सदस्य |
| | श्री नुर्वु साङ्वो घले | अध्यक्ष | नौकुण्ड गाउँपालिका | सदस्य |
| | श्री चमेली गुरुङ | का.वा.अध्यक्ष | उत्तरगया गाउँपालिका | सदस्य |
| | श्री पेम्वा छिरिङ तामाङ | सभापति | नेपाली काँग्रेस, रसुवा | सदस्य |
| | श्री दावा सिदार वाईवा | प्रतिनिधि | ने.क.पा.(एमाले) | सदस्य |
| | श्री फुर्पा तेन्जिन तामाङ | अध्यक्ष | ने.क.पा.(माओवादी केन्द्र) | सदस्य |
| | श्री सनथ कुमार देवकोटा | प्रतिनिधि | ने.क.पा.(एकीकृत समाजवादी) | सदस्य |
| | श्री बिक्रम थापा | प्रमुख सेनानी/गणपति | श्री विष्णुदल गण, ब्राबल ब्यारेक | सदस्य |
| | श्री सुवास बुढाथोकी | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा | सदस्य |
| | श्री सुमन थापा | स.प्र.ना.उ. | स.प्र.बल नेपाल नं.२० गुल्म | सदस्य |

| | | | | |
|---|---|---|---|---|
| | श्री शिवराम घिमिरे | वरिष्ठ अनुसन्धान सहायक | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| | डा.अमित कुमार साह | मि.मेडिकल सुपरिटेन्डेन्ट | रसुवा अस्पताल | सदस्य |
| | ई.गोविन्द प्रसाद भुर्तेल | सव-डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाई विकास स.डि.का. | सदस्य |
| | श्री भिमसागर गुरुँगाई | कार्यालय प्रमुख | स्वास्थ्य कार्यालय | सदस्य |
| | श्री रामचन्द्र श्रेष्ठ | कार्यालय प्रमुख | नेपाल टेलिकम | सदस्य |
| | श्री बाबुलाल तामाङ | सभापति | नेपाल रेडक्रस सोसाइटी, रसुवा जि. | सदस्य |
| | श्री केशव पौडेल | अध्यक्ष | पत्रकार महासंघ रसुवा | सदस्य |
| | श्री हेमनाथ खतिवडा | अध्यक्ष | गैर सरकारी संस्था, महासंघ रसुवा | सदस्य |
| | श्री सुकसाङ तामाङ | अध्यक्ष | उद्योग वाणिज्य महासंघ रसुवा | सदस्य |
| | श्री ~~संजिव अमात्य~~ प्रमोद कुमार लिटु | ~~अध्यक्ष~~ महासचिव | रसुवा चेम्बर अफ कमर्श | सदस्य |
| | श्री लोकेन्द्र बहादुर ज्ञवाली | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | सदस्य-सचिव |

<u>अन्य उपस्थितिः</u>

| | | | |
|---|---|---|---|
| | श्री गणेश गैरे | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय |
| | श्री सुरेश सुवेदी | प्रमुख कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| | श्री मिलन खापकोटा | संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, [illegible] |
| | श्री ध्रुव कुमार खत्री | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय |
| | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निर्णयहरू:

१. उत्तरगया गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबाट उत्तरगया गाउँपालिका वडा नं. ४ स्थित ढुंगेमा गएको पहिरो र उक्त पहिरोको मध्य भागमा रहेको ठूलो ढुंगाको जोखिम सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विशेषज्ञबाट अध्ययन अनुसन्धान भई भौगर्भिक अध्ययन प्रतिवेदन प्राप्त भएको। सो अध्ययन प्रतिवेदनमा हाल त्यस पहिरोको मध्य भागमा रहेको ठूलो ढुंगाको कारण पहिरो मूनी रहेको मानववस्ती जोखिममा रहेको र उक्त ढुंगालाई विष्फोटन गरी जोखिम न्यूनीकरण गर्नुपर्ने राय प्राप्त भएको भनी उक्त प्रतिवेदन सहित उत्तरगया गाउँपालिकाको च.नं. १८३ मिति २०८०।०६।०२ गतेको पत्रद्वारा ठूलो ढुंगा विष्फोटन गरी दिनुहुन अनुरोध भई आएको। उक्त ढुंगा विष्फोटनका लागि आवश्यक पर्ने विष्फोटक पदार्थ उपलब्ध गराउन उक्त गाउँपालिका क्षेत्र अन्तर्गत निर्माणाधिन माथिल्लो त्रिशूली १ जलविद्युत आयोजना (२१६ मे.वा.) लाई अनुरोध गर्ने। विष्फोटनका लागि आवश्यक पर्ने विष्फोटक पदार्थको परिमाण अनुमान गर्न तथा विष्फोटनका लागि नेपाली सेनालाई अनुरोध गर्ने। साथै, समग्र कार्यको समन्वय उत्तरगया गाउँपालिकाले गर्ने।

२. उत्तरगया गाउँपालिका वडा नं. ५ स्थित बनुवा घुम्तिमा भएको पहिरो मर्मत पश्चात पूनः भासिन गई डिभिजन सडक, नुवाकोट मर्मत सम्भार गर्न आवश्यक ढुंगा लगायतका नदीजन्य पदार्थहरू लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालयसँग माग गरिएको हुँदा नियमानुसार उपलब्ध गराई दिन अनुमोदन गर्ने।

३. दशैं, तिहार, छठ जस्ता पर्वको समयमा आपूर्ति, स्वास्थ्य तथा अन्य आपतकालीन सेवाको व्यवस्थापन गर्न जिल्लामा उपलब्ध स्रोत साधन जनशक्ति (एम्बुलेन्स, स्वास्थ्यकर्मी, स्काभेटर, सवारी साधन, क्रेन चालक ईन्धन आदी) तयारी हालतमा राख्न सम्वन्धित निकायलाई अनुरोध गर्ने।

४. जिल्लास्थित बिग्रेका सडकमार्ग मर्मत सम्भार तथा सवारी साधनको सहज आवागमन व्यवस्थापन लागि डिभिजन सडक, नुवाकोट, गल्छी त्रिशूली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट, पूर्वाधार विकास कार्यालय, नुवाकोट र सम्वन्धित स्थानीय तहले चाडपर्व अगाडि नै सम्पन्न गर्ने।

५. जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) र स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LEOC) लाई चलायमान बनाई विपद् व्यवस्थापन, प्रतिकार्य लगायतका कार्य सहज बनाउने सन्दर्भमा समय समयमा छलफल एवं बैठक भई निर्णय समेत भएकोहुँदा LEOC स्थापना एवं सञ्चालन गर्न बाँकी रहेका स्थानीय तहहरूले तत्काल LEOC स्थापना एवं सञ्चालन गर्न DEOC सँगको सहकार्य समन्वय र सहयोगलाई प्रभावकारी बनाउन स्थानीय तहलाई अनुरोध गर्ने।

६. वर्षातको समयमा पहिरो तथा नदि/खोला कटानका जोखिमलाई न्यूनीकरणका लागि आपतकालिन रूपमा पहिरो तथा नदी नियन्त्रण एवं घर वस्ती संरक्षण गर्न यस रसुवा जिल्लाका विभिन्न स्थानबाट ग्याविन तारजाली माग भई आएकोमा हाललाई उत्तरगया गाउँपालिका, कालिका गाउँपालिका र नौकुण्ड गाउँपालिकालाई जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय, रसुवाले मौजुदा परिमाणबाट १००/१०० थान ग्याविन तारजाली उपलब्ध गराउने।

७. चाडपर्वको अवधिमा जिल्लामा खाद्यान्न लगायतका दैनिक उपभोग्य सामग्रीको मौज्दात भण्डारण हुन उद्योग वाणिज्य संघ, रसुवा र रसुवा चेम्बर अफ कमर्शले समन्वयात्मक रूपमा व्यवस्थापन गर्ने।

८. गोसाईकुण्ड गाउँपालिका वडा नं. ६ धुन्चे प्रवेशद्वारमा नेपाल विद्युत प्राधिकरणको ट्रान्सफरमर नजिक सडक भाँसिन गई सवारी आवागमनमा जोखिम रहेकोहुँदा थप जोखिम हुन नदिन साथै तत्काले उक्त सडक मर्मत सम्भार गरी नियमित सडक सुचारु हुने व्यवस्था मिलाउनु हुन भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय र डिबिजन सडक, नुवाकोटलाई अनुरोध गर्ने।

९. नौकुण्ड गाउँपालिका वडा नं ६ 'बेताङ' मा ठूलो पहिरो गई मानववस्ती पूर्ण जोखिममा रहेकोले सो पहिरो व्यवस्थापनका लागि विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण प्राधिकरणलाई अनुरोध गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा